नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः-२०७२/०२/०१

## प्रेस विज्ञप्ति

मिति २०७२/०१/१२ र २९ गते गएको विनाशकारी भू-कम्पबाट भएको जनधनको क्षतिको विवरण संकलन गर्ने र पीडितहरुको उद्धार तथा राहत वितरण गर्ने कार्य सरकारी गैरसरकारी तथा निजी क्षेत्रबाट आज मिति २०७२/०२/०१ गते पनि जारी रहेको छ ।

उद्धार तथा राहत वितरण गर्न हेलिकप्टरहरु, हेवी इक्वीपमेन्टहरु र सडक यातायातका साधनहरु प्रयोग गरिएका छन् भने निजामती तथा अन्य सेवा, समूहका राष्ट्रसेवक कर्मचारीहरु, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबलका सुरक्षाकर्मीहरु व्यापक रुपमा परिचालन गरिएको छ ।

हालसम्म भू-कम्पबाट मृत्यु हुने मृतकको संख्या - ८४६६ पुगेको छ भने घाइतेहरुको विवरण आउने क्रम जारी रहेको छ । घाइतेहरुको उपचार नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा निःशुल्क रुपमा भइरहेको छ ।

भू-कम्प पीडित क्षेत्रका जिल्लाहरुमा खाद्य तथा गैर खाद्य राहतका प्याकेजहरु पठाउने कार्यलाई निरन्तरता दिइएको छ । जस अनुसार आजसम्म चामल - १११९७८.७ क्वीन्टल, (स्थानीय विकास मन्त्रालय अन्तर्गतबाट प्राप्त समेत) चिनी - ७८५.५ क्वीन्टल, नुन - १०२८.५ क्वीन्टल, चाउचाउ - २१३२७८ कार्टुन, भुजिया - ३१.०६ क्वीन्टल, चिउरा - ५६०३ क्वीन्टल, पानी - ३१६३० केस, विस्कुट - ९४२९१ कार्टुन, ड्राईफुड - २७३० कार्टुन, सिमी/दाल -५२५ क्वीन्टल, टेन्ट/त्रिपाल - ५१३१७७ थान (रेडक्रस, स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय र UNHCR बाट समेत), कम्बल - १०५७१५ थान, मेट्रेस - १७१० थान, सोलार लाईट - ६५२८ थान, लत्ता कपडा - २९ बोरा, साबुन - ५६२२६ गोटा, हाइजिन किट - ४०२६ थान, पानी शुद्धीकरण गर्ने ट्याब्लेट - ४०५९५० थान र डेडवडी ब्याग - ५९५ थान राहत सम्बन्धित जिल्लाहरुमा पठाइ सकिएको छ । राहत वितरणको लागि प्रभावित जिल्लाहरु र सम्बन्धित निकायहरुमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट जम्मा २ अर्ब ९० करोड १८ लाख रकम निकाशा गरिसकिएको छ । जिल्लाहरुले पीडित व्यक्ति तथा परिवारलाई राहत वितरण गर्ने कार्यलाई जारी राखेका छन् । स्थानीयस्तरबाट समेत ठूलो परिमाणमा राहत संकलन भई वितरण भई रहेको जानकारी प्राप्त भई रहेको छ ।

२०७२।२।१

(बलभद्र गिरी)

सहायक प्रवक्ता